# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको त्रैमासिक प्रकाशन

वर्ष १३, अङ्क १

(२०८० पुस १६ गतेदेखि २०८० चैत १८ गतेसम्म)


## बागमती प्रदेशको

# मानव अधिकार अवस्था विश्लेषण

बागमती प्रदेशमा सन् २०२४ को पहिलो तीन महिना (जनवरी–मार्च) को अवधिमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २ सय १८ जना महिला र २२ जना पुरुष गरी २ सय ४० जना पीडित भए। यस अवधिमा राज्यपक्षबाट दुई जना पुरुष पीडित भए भने अन्यपक्षबाट २ सय ३८ जना पीडित भए।

राज्यपक्षबाट हुने मानव अधिकार तथा ज्यादतिका घटनाको अभिलेख कम भए तथापि अन्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूमा महिला तथा बालबालिका बढी पीडित हुने गरेका छन्। विशेष गरी महिला तथा बालिकाहरू बलात्कार तथा यौनजन्य हिंसाका घटनामा पीडित हुन पुगेका छन्

अभिलेखित घटना अनुसार अन्यपक्षबाट २० जना पुरुष र २ सय १८ जना महिला गरी २ सय ३८ जना पीडित भए। जस अनुसार १३ जना महिलासहित २३ जनाका हत्या भयो। यो अवधिमा सबैभन्दा बढी महिलाविरुद्ध हुने हिंसामा १ सय ५२ जना महिला पीडित भएकोमा घरेलु हिंसाका घटनामा १ सय ३ जना, २१ जना बलात्कार, बलात्कार प्रयासका पाँच जना, यौन दुर्व्यवहारका चार जना, मानव बेचबिखन तथा ओसारपसारका घटनामा पाँच जना, बहुविवाहका घटनामा चार जना र अन्य घटनामा १० जना महिला पीडित भएका छन्।

साथै, बालबालिकाविरुद्ध भएका हिंसाका कारण एक जना बालक र ५५ जना बालिका सहित ५६ जना पीडित भए। जसमध्ये ३४ जना बलात्कार र १६ जना बालिका यौन दुर्व्यवहारबाट पीडित भए।

विभिन्न आपराधिक घटनामा संलग्न आरोपितहरूमाथि पनि कानुनी कारबाही हुन नसक्नु लगायतका कारणले अन्य पक्षबाट मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना भएको देखिन्छ।

यस अवधिमा काठमाडौं महानगरपालिकाको प्रहरीले फुटपाथ व्यापारीहरूलाई दुर्व्यवहार गरेको आरोपमा फुटपाथ व्यापारीहरूले काठमाडौंको सुन्धारामा धर्ना दिए र

उक्त घटनाको सांसदहरूले पनि आपत्ति जनाए।

बलात्कार तथा यौन दुर्व्यवहार घटनाको कारक तत्व पहिचान नगरेका र साइवर अपराध सम्बन्धी ज्ञानको अभावका कारण सामाजिक सञ्जालको प्रयोगबाट हुने अपराध र हिंसाका घटना बढ्दै गएका छन्। यस्ता गतिविधि हुन नदिन र न्यूनिकरण गर्न न्यायिक तथा सुरक्षा निकायलाई सबल तथा सक्षम बनाउन तथा आमनागरिकलाई उनीहरूको कर्तव्य बोध गराउनका लागि स्थानीय तहले सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू ल्याउनु आजको आवश्यकता देखिन्छ।

**गणेश भण्डारी**
प्रदेश संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
(जनवरी–मार्च २०२४)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| अपहरण | | | | | २ | २ | २ |
| कुटपिट | | | | ४ | ४ | ८ | ८ |
| बाल अधिकार | | | | ५६ | १ | ५७ | ५७ |
| कारागारमा मृत्यु | | २ | २ | | | | २ |
| अमानवीय व्यवहार | | | | | १ | १ | १ |
| हत्या | | | | १३ | १० | २३ | २३ |
| जातीय विभेद | | | | | २ | २ | २ |
| महिला अधिकार | | | | १४५ | | १४५ | १४५ |
| जम्मा | | २ | २ | २१८ | २० | २३८ | २४० |

# बागमती प्रदेशको मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (२०८० पुस १६ गतेदेखि चैत १८ गतेसम्म)

### कारागारमा मृत्यु

**सिन्धुपाल्चोक**

हत्या अभियोगमा चौतारा कारागारमा कैद सजाय भोगिरहेका मेलम्ची नपा– १० शिखरपुरका ५३ वर्षीय कृष्ण नेपालीको हृदयघातबाट ०८० माघ २३ गते मृत्यु भयो। जिल्ला अदालतबाट २५ वर्ष जेल सजाय पाएका नेपाली जेलभित्र बेहोस भएर ढलेपछि उपचारको लागि चौतारा अस्पताल पुर्‍याउदा मृत्यु भएको कारागारका चौकीदार भीमबहादुर बस्नेतले बताए। कुनै औषधी सेवन नगरेका नेपालीलाई उपचार गर्न ढिलाई भएकाले मृत्यु भएको हुनसक्ने चौतारा कारागारका बन्दी भरत दंगालले बताए। शवको माघ २४ गते चौतारा अस्पतालमा पोष्टमार्टम गरी मृतकका भाइ विनोद नेपालीले शव बुझेर सद्गत् गरे।

**धादिङ**

बलात्कार मुद्दामा जिल्ला अदालतले पुस ८ गते पुर्पक्षका लागि थुनामा पठाएका गल्छी गाउँपालिका-७ का ८१ वर्षीय कृष्णबहादुर परियारको उपचारका क्रममा ०८० पुस १८ गते मृत्यु भयो। दमको रोगी रहेका परियार अघिल्लो दिनदेखि बिरामी परेका र कारागारमा अन्य कैदीले दालको झोल खुवाएपछि बान्ता गरेको अवस्थामा तत्काल उपचारको लागि धादिङ अस्पतालमा लगिएको कारागार शाखाका प्रमुख राममणि मिश्रले बताए। शवको पोष्टमार्टम पुस १८ गते धादिङ अस्पतालमा भयो। परिवारले सद्गतका लागि सोही दिन शव बुझेर लगेको गल्छी गाउँपालिका-७ का वडाध्यक्ष हरि खतिवडाले बताए।

### बाल अधिकार

**हत्या**

**चितवन**

रत्ननगर नपा- १० स्थित एकता शिशु निकेतनमा कक्षा आठमा अध्यनरत रही सोही विद्यालयको होस्टेलमा बस्दै आएकी १४ वर्षीया बालिका ०८० फागुन १२ गते डोरीको पासो लगाएर झुण्डीएको अवस्थामा मृत फेला परेको भन्दै उनका बुवा दिपेन्द्र पोखरेलले होस्टेल वार्डेन ३४ वर्षीय कमल शर्मा, ४८ वर्षीय बालहरी देवकोटा, ५६ वर्षीय किरणबहादुर अधिकारीले आत्महत्या दुरुत्साहन गरेको भन्दै फागुन १५ गते जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दिए। प्रहरीले आरोपितहरुलाई फागुन १४ गते गिरफ्तार गर्‍यो। शवको पोष्टमार्टम फागुन १७ गते त्रिवि शिक्षण अस्पताल काठमाडौंमा भयो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत चैत १७ गते हत्या अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश बलराम त्रिपाठीको चैत ७ गतेको इजलासले आरोपितहरूलाई जनही १ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दिए।

### बलात्कार, यौन दुर्व्यवहार

**सिन्धुली**

१९ वर्षीया महिलालाई ०८० माघ ७ गते बलात्कार गरेको आरोपमा दुधौली नगरपालिका- ९ का २१ वर्षीय अर्जुन अधिकारीविरुद्ध पीडित पक्षले माघ ७ गते इलाका प्रहरी कार्यालय डकाहामा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ ७ गते गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ ७ गते सिन्धुली अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध माघ २३ गते जिल्ला अदालत सिन्धुलीमा जबरजस्ती करणीको मुद्दा गर्‍यो। जिल्ला अदालतका न्यायाधीश रमेश शर्मा पौडेलको माघ २३ गतेको इजलासले आरोपितलाई परिवारको संरक्षणमा राख्न आदेश दिएर साधारण तारिखमा रिहा गर्‍यो।

**दोलखा**

१६ वर्षीया बालिकालाई ०८० माघ १३ गते बलात्कार गरेको आरोपमा चितवन जिल्ला भरतपुर नगरपालिका-२ का ३४ वर्षीय रमेशलाल श्रेष्ठविरूद्ध पीडितले माघ १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ १४ गते मेलुङ गाउँपालिका-७ बाट गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण माघ १५ गते पशुपति स्मृति अस्पताल चरिकोटमा

**बालबालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी–मार्च २०२४)**

| | |
|---|---|
| बलात्कार | ३४ |
| यौन दुर्व्यवहार | १६ |
| बेचबिखन तथा ओसारपसार | २ |
| जम्मा | ५२ |

भयो। जिल्ला अदालतको फागुन १० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### रामेछाप

आठ वर्षीया बालिकालाई ०८० फागुन १५ गते बलात्कार गरेको भन्दै मन्थली नपा- १ का २२ वर्षीय रमेश विश्वकर्माविरुद्ध पीडित पक्षले फागुन १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन १५ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १५ गते मन्थली नगर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध सरकारी वकिल कार्यालयमार्फत चैत १ गते जिल्ला अदालतमा जबरजस्ती करणीमा अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश इन्दिरा शर्माको चैत १ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### सिन्धुपाल्चोक

१४ वर्षीया बालिकालाई ०८० माघ ९ गते बलात्कार गरेको आरोपमा भोटेकोशी गाउँपालिका– २ का ६० वर्षीय कृष्णबहादुर खड्काविरुद्ध पीडित पक्षले माघ १० गते इलाका प्रहरी कार्यालय, बाह्रविसेमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ १० गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १० गते प्राथमिक स्वास्थ्य केन्द्र बाह्रविसेमा भयो। प्रहरीले जबरजस्ती करणी अभियोगमा जिल्ला अदालतमा फागुन १० गते पेश गरेकोमा जिल्ला अदालतका न्यायाधीश भगवती शर्मा ढुंगानाको फागुन ४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### ललितपुर

आठ वर्षीया बालिकालाई ०८० पुस २० गते बलात्कार गरेको आरोपमा ३५ वर्षीय बाबुविरुद्ध पीडित पक्षले पुस २१ गते प्रहरी वृत्त चापागाउँमा उजुरी दिए। प्रहरीले आरोपितलाई पुस २२ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २१ गते पाटन अस्पताल, ललितपुरमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला अदालतमा जबरजस्ती करणी अभियोगमा माघ १७ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश ऋषिराम आचार्यको माघ १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### चितवन

१५ वर्षीया बालिकालाई ०८० माघ १६ गते बलात्कार गरेको भन्दै माडी नगरपालिका- ६ वस्ने १८ वर्षीय अशोक रामदामविरुद्ध पीडित पक्षले माघ १९ गते जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ १७ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १९ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध सरकारी वकिल कार्यालय मार्फत फागुन १४ गते जबरजस्ती करणी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रमेश ज्ञवालीको फागुन १४ गतेको आदेशले आरोपितलाई ५० हजार रूपियाँ धरौटीमा रिहा गऱ्यो।

६ वर्षीया बालिकालाई ०८० फागुन ५ बलात्कार गरेको भन्दै भरतपुर महानगर- ११ का ४८ वर्षीय ओम रानाविरुद्ध पीडित पक्षले फागुन ५ गते जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन ५ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ५ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत फागुन ३० गते जबरजस्ती करणी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रमेश ज्ञवालीको फागुन ३० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

### भक्तपुर

१७ वर्षीया बालिकालाई ०८० वैशाख ३ गते यौन दुर्व्यवहार गरेको भन्दै काभ्रे जिल्ला बनेपा नपा-५ का ४० वर्षीय रबिन्द्र धितालविरुद्ध पीडितले फागुन ११ गते जिल्ला प्रहरी परीसर, भक्तपुरमा उजुरी दिइन्।

प्रहरीले आरोपितलाई फागुन ११ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ११ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध सरकारी वकिल कार्यालय मार्फत बाल यौन दुव्यबहार अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १६ गतेको आदेशले आरोपितलाई १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। आरोपित तोकिएको धरौटी रकम बुझाई फागुन २० गते रिहा भए।

**मकवानपुर**

१४ वर्षीया बालिकाको नामबाट सामाजिक सञ्जालको दुरुपयोग गरेको भनी काभ्रे घरभई हेटौंडा उमनपा-१० मा आफन्तको घरमा बस्ने २१ वर्षीय प्रिन्स सिलवालविरुद्ध ०८० पुस २९ गते जिल्ला प्रहरी कार्यालय मकवानपुरमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ २ गते हेटौंडा बजारबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध माघ १८ गते बालबालिका कसुर अन्तर्गत मकवानपुर जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिस श्रीप्रसाद सञ्जेलको माघ १९ गतेको इजलासले आरोपितलाई २५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

**काभ्रे**

२९ वर्षीया महिलालाई ०८० फागुन २ गते बलात्कार गरेको आरोपमा ४८ वर्षीय ससुराविरुद्ध पीडित पक्षले फागुन १८ गते इलाका प्रहरी कार्यालय, बनेपामा उजुरी दिए। प्रहरीले आरोपितलाई फागुन १८ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १८ गते धुलिखेल अस्पतालमा भयो। प्रहरीले हाडनाता र जर्वजस्ती करणी शीर्षकमा चैत ९ गते जिल्ला अदालतमा पेश गरेकोमा जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

१९ वर्षीया युवतीलाई ०८० पुस २७ गते पाँचखाल नगरपालिका-७ स्थित शिखरपुर ज लमा लगेर बलात्कार गरेको आरोपमा पाँचखाल नपा- ७ शिखरपुरमा मजदुरी गरी बस्ने उदयपुर जिल्ला ताप्ली गाउँपालिका-८ का २८ वर्षीय धिरज हमाल, भोजपुर जिल्ला षडानन्द नपा-८ घारका २१ वर्षीय घनश्याम श्रेष्ठ, धनकुटा जिल्ला महालक्ष्मी नपा-४ का १७ वर्षीय अम्मरबहादुर विश्वकर्मा, सोही नपा चनुवाका १७ वर्षीय रोमन विश्वकर्माविरुद्ध पीडित पक्षले पुस २९ गते जिल्ला प्रहरी कार्यालय धुलिखेलमा उजुरी दिए। प्रहरीले आरोपितहरूलाई ०८० पुस २८ गते घटनास्थल नजिकबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २८ गते धुलिखेल अस्पतालमा भयो। जिल्ला अदालतका न्यायाधीश राजेन्द्र नेपालको माघ २१ गतेको आदेशले आरोपित मध्येका दुई जना बालकलाई बाल सुधार गृह सानोठिमी र धिरज हमाल र घनश्याम श्रेष्ठलाई पुर्पक्षका लागि थुनामा पठायो।

**भक्तपुर**

३३ वर्षीया महिलालाई ०८० फागुन २५ गते बलात्कार गरेको भन्दै भक्तपुर मनपा-९ का ४० वर्षीय कमल थापाविरुद्ध पीडितले फागुन २६ गते प्रहरी वृत्त जगाती, भक्तपुरमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई फागुन २१ गिरफ्तार गऱ्यो। प्रहरीले सरकारी वकिल कार्यालय मार्फत जबरजस्ती करणी अभियोगमा जिल्ला अदालतमा फागुन ११ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २१ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**धादिङ**

३० वर्षीया महिलालाई ०८० माघ ४ गते बलात्कार प्रयास गरेको आरोपमा सिद्धलेक गाउँपालिका-४ सलाङका ४४ वर्षीय केशब सिलवालविरुद्ध पीडित पक्षले माघ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ ८ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ८ गते धादिङ अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध सरकारी वकिल कार्यालयमार्फत जबरजस्ती करणी शीर्षकमा जिल्ला अदालतमा माघ २९ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश गोपालप्रसाद बास्तोलाको माघ २९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**मकवानपुर**

१८ वर्षीया महिलालाई ०८० पुस १८ गते बलात्कार गरेको आरोपमा बकैया गाउँपालिका- ९ का २८ वर्षीय किरण बज्युविरुद्ध पीडित पक्षले पुस १८ गते जिल्ला प्रहरी कार्यालय मकवानपुरमा उजुरी दिए। प्रहरीले पुस १९ गते आरोपिलाई घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस १९ गते हेटौडा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध सरकारी वकिल कार्यालयमार्फत माघ ८ गते जिल्ला अदालतमा जबरजस्ती करणी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजेन्द्र अधिकारीको माघ ९ गतेको इजलासले

### महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (जनवरी–मार्च २०२४)

| | |
|---|---|
| बलात्कार | २१ |
| घरेलु हिंसा | १०३ |
| बहुविवाह | ४ |
| बलात्कार प्रयास | ५ |
| यौन दुर्व्यवहार | ४ |
| बेचबिखन तथा ओसारपसार | ५ |
| जम्मा | १४२ |

आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

२२ वर्षीया महिलालाई ०८० पुस १८ गते बलात्कार गरेको भन्दै हेटौंडा नपा-१३ बनस्पतीका २४ वर्षीय रोशन लामा भोम्जनविरुद्ध पीडित पक्षले पुस १९ गते जिल्ला प्रहरी कार्यालय मकवानपुरमा उजुरी दिए। प्रहरीले आरोपितलाई पुस २० गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस १९ गते हेटौंडा अस्पतालमा भयो। प्रहरीले आरोपिविरुद्ध माघ १० गते जिल्ला अदालतमा जबरजस्ती करणी कसुरमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश राजेन्द्र अधिकारीको माघ ११ गतेको इजलासले आरोपिलाई पुर्पक्षका थुनामा पठायो।

**नुवाकोट**

१८ वर्षीया युवतीलाई ०८० पुस २४ गते बलात्कार गरेको भन्दै दुप्चेश्वर गाउँपालिका–१ का ४६ वर्षीय वाङदोर्जे तामाङविरुद्ध पीडित पक्षले पुस २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई पुस २६ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २४ गते त्रिशूली अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध सरकारी वकिल कार्यालयमार्फत जबरजस्ती करणी अभियोगमा माघ २१ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सुभाषबाबु पुरीको माघ २१ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**सिन्धुली**

४२ वर्षीया महिलालाई ०८० माघ ३ गते बलात्कार प्रयास गरेको आरोपमा ५७ वर्षीय जेठाजुविरुद्ध पीडितले माघ १६ गते इलाका प्रहरी कार्यालय खुर्कोटमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई माघ १६ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले फागुन ८ गते जिल्ला अदालतमा जबरजस्ती करणी उद्योगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रामानन्दप्रसाद अधिकारीको फागुन ९ गते इजलासले आरोपितलाई २ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

**चितवन**

२१ वर्षीया महिलालाई ०८० फागुन ६ गते बलात्कार गरेको भन्दै खैरहनी नगरपालिका-१ बस्ने ३० वर्षीय दिपक भुसाल र भरतपुर महानगरपालिका-१२ बस्ने ३६ वर्षीय अमृत घिमिरेविरुद्ध पीडितले फागुन ८ गते जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दिइन्। प्रहरीले आरोपितहरूलाई फागुन ८ गते गिरफ्तार गऱ्यो। पीडित महिलाको फागुन ८ गते भरतपुर अस्पतालमा स्वास्थ्य परीक्षण भयो। प्रहरीले आरोपितविरुद्ध सरकारी वकिल कार्यालय मार्फत चैत १ गते जबरजस्ती करणी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रमेश ज्ञवालीको इजलास चैत १ गतेको इजलासले दिपक भुषाललाई पुर्पक्षका लागि थुनामा र अमृत घिमिरेलाई १ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

## परिवारजनबाट हत्या

**सिन्धुली**

३५ वर्षीया महिलालाई ०८० फागुन १६ गते धनसार भन्ने स्थानमा खेतमा काम गरिरहेको समयमा

कोदालोले प्रहार गरी हत्या गरेको आरोपमा दुधौली नगरपालिका-१४ ज्यामिनटारका पति ३५ वर्षीय बुद्धबहादुर बिकविरुद्ध मृतकका आफन्तले फागुन १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले स्थानीयको सहयोगमा फागुन १६ गते घरबाट गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम फागुन १६ गते श्रीथौली नगर अस्पतालमा गरी शव आफन्तको जिम्मा लगाइयो। प्रहरीले फागुन २९ गते जिल्ला अदालत सिन्धुलीमा कर्तव्य ज्यान सम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश रामानन्दप्रसाद अधिकारीको फागुन ३० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**सिन्धुपाल्चोक**

५३ वर्षीया सेतीमाया तामाङलाई ०८० माघ १९ गते हत्या गरेको आरोपमा बाह्रविसे नपा– २ का पति ४७ वर्षीय सोमबहादुर तामाङ र सौता विष्णुमाया तामाङविरुद्ध मृतकका २२ वर्षीय छोरा मिलन तमाङले माघ २० गते इलाका प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितहरूलाई प्रहरीले माघ २० गते गाउँबाट गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम माघ २० गते प्राथमिक स्वास्थ्य केन्द्र बाह्रविसे भयो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत फागुन १३ गते जिल्ला अदालतमा हत्या अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १३ गतेको आदेशले आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठायो।

*मानव अधिकार र सामाजिक न्यायका निम्ति*

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**बागमती प्रदेशद्वारा प्रकाशित**

**सल्लाहकार** : गणेश भण्डारी, **संयोजन/सम्पादन** : विनोद पाण्डे

नागार्जुन नपा-१०, स्यूचाटार, कलङ्की, काठमाडौँ, फोन : ५२१८७७०

इमेल : bagmati@insec.org.np, Website : www.inseconline.org